म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ६५ २०७९ माघ ९ गते सोमबार 23 January 2023, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## भीरबाट लडेर एक जनाको मृत्यु

हेटौंडाः बागमती गाउँपालिका–३ मा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बागमती गाउँपालिका वडा नम्बर ३, कुटीभकारी बस्ने मानबहादुर थोकरको छोरी अन्दाजी १८ वर्षीया रेखामाया थोकर रहेकी छिन् । थोकर आफ्नै घरदेखि अन्दाजी करिब ५ सय मिटर पूर्वमा रहेको कुटीभकारी भिरबाट लडी शनिबार बिहान साढे ८ बजेको समयमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उक्त खबर प्राप्त हुनासाथ राईगाउँ प्रहरी चौकीबाट प्रहरी टोली खटिएको थियो । मृतकको शव आफन्तले घर मा ल्याएर राखेको अवस्थामा घटनाको मुचुल्का उठाएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## नेपाली दाताकै सहयोगमा ७० जनाको मोतिविन्दुको शल्यक्रिया



शनिबार शल्यक्रियापछि आँखाको पट्टी खोलिँदै ।



आँखा अस्पताललाई पाँच लाख रुपैयाँ सहयोग रकमको चेक हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको हेटौंडा-१८, हर्नामाडी, बकैया गाउँपालिका-५ र बारा जिल्लाको प्रष्टोकामा आयोजना गरिएको आँखा शिविरमा पहिचान भएका मोतिविन्दु पीडित बिरामीको शल्यक्रिया गरिएको छ। शनिबार हेटौंडास्थित हेटौंडा सामुदायिक आँखा अस्पतालमा ७० जनाको शल्यक्रिया गरिएको हो ।

तीन स्थानमा ८ सय ३० जनाको आँखा जाँच गर्दा ८४ जनाका मोतिविन्दुका विरामीहरु फेला परेका थिए। मोतिविन्दुका विरामीमध्ये केही स्वास्थ्यमा जटिलताका कारण मोतिविन्दुको शल्यक्रिया सम्भव नभएको हेटौंडा सामुदायिक आँखा अस्पतालले जनाएको छ। काठमाडौं-१२, त्रिपुरेश्वरका माधव राजभण्डारी र राधिका राजभण्डारीले छोरा आशीष राजभण्डारीको स्मृतिमा आँखा शिविर आयोजना तथा मोतिविन्दुको उपचारका लागि सहयोग गर्नुभएको हो ।

राजभण्डारी परिवारको उपस्थितिमा आइतबार बिहान हेटौंडा सामुदायिक आँखा अस्पतालमा आँखाको शल्यक्रिया गरिएका बिरामीको आँखाको पट्टी खोलिएको छ। नेपाल आँखा कार्यक्रमका कार्यकारी सदस्य सिद्धिलाल श्रेष्ठको समन्वयमा राजभण्डारी दम्पतीले सहयोग गर्नुभएको हो। हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा. सुनिल थकालीले अस्पतालमा विदेशी दाताहरुबाट सहयोग आइरहेकोमा स्वदेशीकै सहयोगीबाट पनि अन्धोपन निवारणका लागि सहयोग आउनु खुशीको कुरा भएको बताउनु भयो ।

यस्तै, राजभण्डारी परिवारले शिविर आयोजना तथा शल्यक्रियाको खर्चबापत ५ लाख रुपैयाँको चेक आइतबार बिहान हस्तान्तरण गरेको छ । सहयोग रकम हस्तान्तरण कार्यक्रममा नेपाल आँखा कार्यक्रमका कार्यकारी सदस्य सिद्धिलाल श्रेष्ठको पनि उपस्थिति रहेको थियो । हेटौंडा सामुदायिक आँखा अस्पताललाई पहिलो पटक व्यक्तिगतरुपमा रकम सहयोग प्राप्त भएको अस्पतालले जनाएको छ ।

राजभण्डारी दम्पत्तिबाट प्राप्त ५ लाख रुपैयाँबाट ७० जनाको शल्यक्रिया खर्चसँगै अस्पतालमा हुने भिडियो कम्फरेन्स गर्न आवश्यक उपकरण खरिद गर्न पुग्ने अस्पताल व्यवस्थापक सुधिर श्रेष्ठले जानकारी दिनुभएको छ ।

## मौलिक परम्परा संरक्षणका लागि सोनाम ल्होछार: प्रमुख घलान

समाज संवाददाता

हेटौंडाः जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललितकुमार घलानले मौलिक परम्परा संरक्षणका लागि सोनाम ल्होछार कार्यक्रमले सहयोग पुग्ने बताउनुभएको छ । आइतबार मनहरीमा आयोजित मञ्जुश्री सम्वत् २८५९ ह्योई ल्हो (बिरालो वर्ग) सोनाम ल्होछार सांस्कृतिक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

संस्कृति र कला, भेषभुषा र भाषाको संरक्षण गरी परम्पराको जगेर्ना गर्नलाई ल्होछार कार्यक्रमले सहयोग पुग्ने उहाँको भनाइ छ । जसले गर्दा लामा गुरुहरुले मौलिक पराम्परालाई संरक्षण गर्न इतिहास खोतल्न आवश्यक रहेको उहाँले जानकारी दिनुभयो ।

यस्तै, कार्यक्रममा ८० वर्षभन्दा माथिका २४ जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ । राष्ट्रिय तथा स्थानीय तामाङ एवम् प्रजा कलाकारहरुले गायन र नृत्य प्रस्तुत गरेका थिए । कलाकारहरु हरि योञ्जन, सुन्दर लामा, रविनकुमार चेपाङ, प्रकाश तामाङ र उर्मिला प्रजालगायतले सांगीतिक प्रस्तुति दिएका थिए ।

ल्होछार मेला आयोजक मुल समारोह समितिका संयोजक सुरेश मुक्तानको सभाध्यक्ष तथा जिसस प्रमुख घलानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । तामाङ पत्रकार संघ बागमती प्रदेशका उपाध्यक्ष ज्ञानेन्द्र तामाङले ल्होछार पर्वबारे सबैले बुझ्न आवश्यक रहेको जानकारी दिनुभयो । ल्होछार मुल समारोह समिति तथा तामाङ पत्रकार संघको आयोजनामा कार्यक्रम भएको हो ।




## प्रावि शिक्षकमा पनि मागभन्दा थोरै परीक्षार्थी मात्र पास

काठमाडौंः शिक्षक सेवा आयोगले लिएको प्राथमिक तहको परीक्षामा पनि माग गरेभन्दा धेरै कम परीक्षार्थी मात्र पास भएका छन् । आयोगले २०७८ चैत १९ गते र २०७९ असार १३ गते लिएको लिखित परीक्षाको नतिजा सार्वजनिक गरिरहेको छ र हालसम्म ५१ जिल्लाको नतिजा सार्वजनिक गरिसकेको छ ।

यसअघि माध्यमिक र निम्नमाध्यमिक तहको शिक्षकको परीक्षामा पनि मागअनुसार परीक्षार्थी पास हुन सकेका थिएनन् । शिक्षक सेवा आयोगका प्रवक्ता सुदर्शन मरहट्ठा मावि र निमाविको भन्दा सन्तोषजनक नतिजा आएको बताउँछन् । 'केही जिल्लाहरुको नतिजा दुःखद् नै छ, तर मावि र निमाविको भन्दा अलि राम्रै छ अहिलेसम्मको अवस्थामा' उनी भन्छन् ।

आयोगका अनुसार पर्सा जिल्लामा २३७ पदका लागि भएको परीक्षामा ८९ जनामात्रै पास भएका छन् । यहाँ लिखित परीक्षामा जम्मा १२१ जना सहभागी भएकामा ८९ जनामात्र पास भएका हुन् । रौतहटमा १४५ पदका लागि भएको परीक्षामा ५५ जना, बारामा २५२ पदका लागि भएको परीक्षामा १३४ जना, सर्लाहीमा २३१ पदका लागि भएको परीक्षामा ६५ जना, धनुषामा ९९ पदका लागि भएको परीक्षामा ५५ जना, महोत्तरीमा १२८ पदका लागि भएको परीक्षामा ८० पास भएका छन् ।

त्यस्तै, सप्तरीमा १६६ पदका लागि भएको परीक्षामा ८८, सिरहामा ११३ पदका लागि भएको परीक्षामा २५, दार्चुलामा १३२ पदका लागि भएको परीक्षामा १०२, बझाङमा ९६ पदका लागि भएको परीक्षामा ७७ र डडेलधुरामा ९४ पदका लागि भएको परीक्षामा ८५ जनामात्र पास भएका छन्। लिखित परीक्षामा पास भएका उनीहरुले अब अन्तर्वार्ता दिनुपर्नेछ ।

आयोगको तथ्यांकअनुसार माथिका ११ जिल्लामा १ हजार ४९३ पदका लागि भएको परीक्षामा ८५५ जना मात्रै उत्तीर्ण भएका छन्, ६३८ पद रिक्त छ । बाजुरामा ७३ पदका लागि भएको परीक्षामा ६५ जना, अछाममा १३७ पदका लागि भएको परीक्षामा १३५ जना, म्याग्दीमा १२६ पदका लागि भएको परीक्षामा ११२ जना, ...बाँकी पृष्ठ ३ मा



# सम्पादकीय

## बढ्दो खेल गतिविधि

मकवानपुर जिल्लामा खेलकुदका गतिविधि बढ्दै गइरहेको छ । विद्यालय तहदेखि राष्ट्रियस्तरका विभिन्न खेलसँग सम्बन्धित प्रतियोगिताहरु एकपछि अर्को गर्दै भइरहेका छन् । खेल क्षेत्रको विकासमा स्थानीय, प्रदेश र संघीय सरकारले केही हदसम्म बजेट खर्च गर्न थालेका छन् । खेलसँग सम्बद्ध संघसंस्था एवम् अन्य सामाजिक संघसंस्थाले पनि खेलकुद प्रतियोगिता र खेलाडी प्रशिक्षणका लागि विभिन्न कार्यक्रम गरिरहेका छन् । बागमती प्रदेशको राजधानी भइसकेपछि हेटौंडामा खेल गतिविधि जति हुनुपर्थ्यो त्यति हुन सकेको छैन । हेटौंडामा खेलकुद प्रतियोगिताका लागि उपयुक्त पूर्वाधार नहुँदा खेलकुदका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न सहज भने भइरहको छैन । खेल गतिविधि सञ्चालनका लागि पूर्वाधार निर्माण र खेलाडी उत्पादनका योजनाहरु प्रभावकारीरुपमा सञ्चालन नहुँदा खेलप्रेमी तथा खेलाडी सन्तुष्ट हुन सकिरहेका छैनन् ।

मकवानपुरमा केही दिनअघि मात्र बागमती गोल्डकप फुटबल प्रतियोगिता सम्पन्न भएको छ । केही साताअघि राष्ट्रिय भेट्रान्स फुटबल भएको थियो । आगामी माघ २९ गतेबाट मकवानपुर गोल्डकप हुँदैछ । विभिन्न पालिका तथा स्थानीय तहहरुले पनि फुटबल तथा भलिबलका विविध प्रतियोगिताहरु सञ्चालन गरिरहेका छन् । विद्यालय तहको सबैभन्दा ठूलो खेलकुद प्रतियोगिताको रुपमा रहेको राष्ट्रपति रनिङशिल्ड पनि धमाधम सञ्चालन भइरहेको छ । हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड आज सोमबारबाट सुरु हुँदैछ भने इन्द्रसरोवरले शुक्रबार प्रतियोगिता सम्पन्न गरिसकेको छ । अन्य पालिकाहरुले पनि यो प्रतियोगिता सञ्चालन गर्दैछन् । महिला फुटबल खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रशिक्षण गराइरहेको हेटौंडा फुटबल एकेडेमीलाई हेटौंडा उपमहानगरपालिकाले एक लाख रुपैयाँ सहयोग गर्ने भएको छ ।

पछिल्लो समय हेटौंडामा खेलकुदका लागि विभिन्न पूर्वाधार निर्माण भइरहेका छन् । हेटौंडा-५, क्याम्पाडाँडामा क्याम्पा रंगशाला निर्माण भएर विभिन्न प्रतियोगिताहरु सञ्चालन भइरहेको छ । उक्त रंगशालाले पूर्णता भने पाइसकेको छैन । वि.सं २०४० सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना भएको हेटौंडाको गौरीटार रंगशालामा विभिन्न खेलसँग सम्बन्धित पूर्वाधारहरु निर्माण भइरहेका छन् । २०६६ सालमै केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माण गर्न शिलान्यास भएको रंगशालालाई प्रदेश सरकारको समेत लगानीमा पूर्णता दिन लागिएको छ । २३ विगाह क्षेत्रफलमा फैलिएको उक्त रंगशाला निर्माण सम्पन्न भएपछि हेटौंडामा थुप्रै खेलका आवासीय प्रशिक्षण तगा प्रतियोगिता सहज बन्नेछ । हेटौंडा बजार क्षेत्रमा रहेको हुप्रचौरमा प्यारापिटसहितको भलिबल कोर्ट निर्माण भइरहेको छ । हेटौंडा-४ मा रहेको कभर्ड हलको निर्माण कार्य सम्पन्न भइसकेको छ । यस्तै, हेटौंडा-५ मा बक्सिङ कभर्डहल तथा हेटौंडा-४, कर्रामा तेक्वान्दो कभर्डहल निर्माण भएका छन् ।

मकवानपुर जिल्ला खेडाली उत्पादनको हिसाबले देशमै अग्रणी छ । यहाँ देशका लागि खेल्ने थुप्रै राष्ट्रिय खेलाडी तयार भएका छन् । फुटबल, भलिबल, हक्की तथा मार्सल आर्टका थुप्रै राष्ट्रिय खेलाडी उत्पादन भइरहेको अवस्थामा यहाँ पर्याप्त खेल पूर्वाधार र उचित प्रशिक्षण हुने हो भने थप खेलाडी उत्पादन हुनसक्ने सम्भावना छ । देशकै मध्यभागमा रहेको र संघीय राजधानीबाट नजिक भएका कारण हेटौंडामा आवश्यक खेलकुद पूर्वाधार निर्माण गरी थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने सम्भावना व्यापक छ । खेल क्षेत्रको विकास र क्षमतावान खेलाडी उत्पादन गर्न नियमित प्रशिक्षण र खेल अभ्यास आवश्यक हुन्छ । खेल क्षेत्रको विकासका लागि देशका विभिन्न ठाउँमा विभिन्न खेलकाक सुविधासम्पन्न प्रशिक्षण केन्द्र तथा प्रशिक्षकको व्यवस्था हुनुपर्छ । प्रशिक्षण गरिरहेका खेलाडीलाई उनीहरुको खेल क्षमता देखाउने अवसर प्रदान गर्न समयसमयमा प्रतियोगिता सञ्चालन गरिनुपर्छ । राज्यका तीनै तहका सरकारले खेल क्षेत्रको विकासका लागि उचित कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : रोकिएका कामहरु बन्ने समयको योग छ ।
**वृष** : पारमार्थिक काममा झुकाव बढ्ने समयको योग छ ।
**मिथुन** : आत्मबल र उत्साहमा वृद्धि हुने समय छ ।
**कर्कट** : जालझेल र ठगीबाट बच्दा राम्रो होला ।
**सिंह** : हाँके ताकेका कामहरु सफल रहने समय छ ।
**कन्या** : घर-परिवारमा किचलो बढ्न सक्ने योग ।
**तुला** : कर्तव्य र दायित्वको बारेमा गम्भिर बलिने छ ।
**वृश्चिक** : अध्ययन- अध्यापनका कामहरु ठिकै रहलान् ।
**धनु** : देखिएका चुनौतिहरु समाधान हुने समय छ ।
**मकर** : धर्म संस्कृतिसँग सम्बन्धित काममा सरिक ।
**कुम्भ** : बुद्धि र विवेकले शत्रु पराजित हुने समय छ ।
**मीन** : अरुलाई प्रभावित पारेर काम बनाउने समय छ ।

# ठिमाहा अर्थ-राजनीतिक संरचनामा समृद्धि सपना



✍ एनपि रिजाल

वर्तमान नेपालको अर्थ-राजनीतिक समाजको संरचना ठिमाहा (मिश्रित) चरित्रको छ। एउटा, आफूलाई समयअनुसार बदल्नै नसक्ने परम्परावादी सामाजिक सोच राख्ने समूह छ । उक्त समूह समाजमा आफ्नो उपस्थितिले मात्र आर्थिक विकास गर्न सक्छ भन्ने धारणा राख्छ। यसलाई नयाँ पुस्ताले कहिलेकाहीं ठूलै टक्कर दिएजस्तो गरे पनि व्यवहारमा सामान्य रूपमा हल्लाए जस्तो मात्र भइरहेको छ । विस्तारै नयाँ पुस्ता पनि त्यही समूहमा मिसिने गरेका छन् ।

अर्को समूह देशको आर्थिक, सामाजिक रुपान्तरण गर्न अब आफ्नो समूह, सोच र सिद्धान्तले मात्र सक्छ भन्छन् । यो समूहले आफूलाई नयाँ, आधुनिक, समयअनुसार बदलिन सक्ने र एक मात्र विकल्पको रूपमा प्रस्तुत गर्छ । तर व्यवहारमा परम्परागत समूहको सोच कार्यान्वयन भएको सत्तामा आफूलाई स्थापित गराउन संघर्षरत छ ।

तीव्र परिवर्तनको अपेक्षा राख्ने पुस्तालाई देशको आर्थिक विकास छिटोभन्दा छिटो गर्नु छ । त्यस्तो समूहले पश्चिमा देशहरुले गरेको आर्थिक, सामाजिक विकासको उपलब्धिको स्तरमा देश पुगेको हेर्न चाहन्छ । त्यो सम्भव नभए आर्थिक विकासको नमूनाका रूपमा उदाएका नयाा एसियाली देशहरु चीन, दक्षिण कोरिया, कतार, दुबई, मलेसियाको जस्तो भौतिक समृद्धिको अपेक्षा पनि राख्दछ ।

नेपालमा गणतन्त्र स्थापना भएको १५ वर्ष नाघ्यो । पञ्चायती व्यवस्था अन्त्य भएको ३० वर्ष पूरा भयो । तर राजनीतिक पार्टीभित्रको नेतृत्वकर्ता होस् या कर्मचारीतन्त्रभित्रको कार्यसंयन्त्र, त्यहाँ पनि दुई किसिमको समूह छ । पञ्चायती व्यवस्था हुँदा नियुक्त भएका कर्मचारीहरूका केही मानिस अझै कार्यरत छन् । उनीहरुमध्ये केही उच्च सरकारी पदमा कार्यरत छन् । उनीहरु पञ्चायती व्यवस्थाको उत्तरार्धमा नियुक्त भएको भए पनि लामो समयसम्म पुरानै सोच भएका कर्मचारीको नेतृत्वमा रहेर काम गरे । बहुदलीय व्यवस्थासागै गणतन्त्र आएको पनि डेढ दशक पूरा भयो तर आम जनताले कर्मचारीतन्त्रबाट पाउने विकास अपेक्षामा मात्र सीमित छ ।

अर्कोतिर राजनीतिक नेतृत्वकर्ताहरूको अवस्था हेरौं । वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड दशवर्षे माओवादी युद्धको नेतृत्व गरेको नेता हुन् । उनी २०५२ सालदेखि अझै पनि पार्टीको नेतृत्व गरिरहेका छन् । तर उनको राजनीतिक यात्रा पनि पञ्चायती व्यवस्थादेखि नै चल्दै आएको हो । ठूला दलका नेतृत्वकर्ताहरु पञ्चायती व्यवस्था विरुद्ध लडे । उनीहरू बितेको ३० वर्षमा आम जनताले अपेक्षा गरेको विकासको लहर ल्याउन नसक्ने वर्गमा पर्छन् ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएपछिका नेताहरूले प्रदेशमा नेतृत्व गर्न पाए पनि उनीहरू संघीय सत्ताको नेतृत्वमा पुग्न सक्ने अवस्था छैन । त्यसको प्रत्यक्ष प्रभाव वैकल्पिक पार्टीको रुपमा नेपालमा स्थापना भएको दर्जनौं संख्याका राजनीतिक दलहरूलाई लिन सकिन्छ । नयाँ गठन भएका राजनीतिक दलहरू अबको आर्थिक, सामाजिक रूपान्तरणको विकल्प आफूलाई ठान्छन् भने स्थापित राजनीतिक दलहरु राजनीतिक प्रणाली परिवर्तनका नेतृत्वकर्ता भएको कारण एक मात्र निर्णायक शक्ति ठान्छन् ।

नेपालको सामाजिक संरचनामा अर्थ-राजनीतिक सोच राख्ने समूह मिश्रित किसिमको छ । एउटा युवाको समूह छ जो सामाजिक सञ्जालमा देखिने स्टाटसबाट उत्प्रेरित छ । जुन समूह सामाजिक सञ्जालमा दिनप्रतिदिन आउने स्टाटसको ट्रेन्डिङबाट सबैभन्दा बढी प्रभावित हुन्छ र आफ्नो निर्णय पनि तीव्र रूपमा बदल्छ । सामाजिक सञ्जालमार्फत नै अर्थ-राजनीतिक नेतृत्व परिवर्तनको अभियान पनि चलाउाछ । तर त्यो अभियान दीर्घकालीन रुपमा सफल भएको देखिँदैन । किनकि कुनै स्पष्ट कार्यदिशा, सिद्धान्त र नेतृत्व विनाको अभियानमा केही व्यक्तिहरु समूहको रूपमा देखा पर्छन्, तर त्यस्तो अभियानको पछाडि लाग्ने राजनीतिक दलहरू असफल भएका उदाहरण पछिल्लो स्थानीय र प्रतिनिधिसभाको निर्वाचनले देखाइसकेको छ । त्यस्ता व्यक्तिहरु देशको अर्थ-राजनीतिक संरचना बदल्न सक्ने क्षमता राख्दैनन् ।

अर्को समूहमा विश्वका सम्पन्न मुलुकहरु अष्ट्रेलिया, जापान, अमेरिका, बेलायत, क्यानडामा बसोबास गर्ने वा दक्षिण कोरिया, मलेसिया, दुबई, कतार जस्ता देशहरुमा कार्यरत श्रमिकहरुको परिवारजन वा आफन्तहरु पर्दछन् । उनीहरु दैनिक रुपमा त्यस देशको आर्थिक राजनीतिक परिवर्तनसाग अन्तरक्रिया गरिरहेका हुन्छन् । त्यहाँ बसोबास गरिरहेका सदस्यहरू नेपालमा आर्थिक विकास र सामाजिक रूपान्तरणमा नयाँ राजनीतिक नेतृत्वको अपेक्षा राख्छन् ।

मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं, ललितपुर र चितवन जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको भोट र वैशाख ३० मा सम्पन्न स्थानीय निर्वाचनमा काठमाडौंमा बालेन्द्र (बालेन) शाहले प्राप्त गरेको भोटको पृष्ठभूमि यही हो ।

विगत दुई दशकमा नेपालमा आम जनताले अर्थ-राजनीतिक व्यवस्था विरुद्ध राख्ने धारणामा पनि परिवर्तन आउन थालेको छ । युवाले कार्यक्षेत्रको पहिलो छनोट विदेशलाई बनाइरहेका छन् । यो कतिपयको रहर र धेरैको बाध्यता बनिरहेको छ । हरेक दिन हजारौंको संख्यामा नेपाली युवा अध्ययन र रोजगारीको सिलसिलामा विदेश गइरहेका छन् ।

उनीहरुले पठाउने रेमिट्यान्सले देश चलिरहेको छ । उनीहरूले विदेशबाट रेमिट्यान्स मात्र होइन, त्यसको प्रतिफलमा देशको नेतृत्वकर्ताबाट आर्थिक विकासको अपेक्षा पनि गर्छन् । इन्टरनेट सेवामा पहुँच हुन थालेपछि सामाजिक सञ्जालमार्फत नेपाली समाजले विश्व मानचित्रमा विकसित आर्थिक, सामाजिक रूपान्तरणका लहर बुझ्न पाइरहेको छ । त्यसमा पनि नयाँ पुस्ता त सामाजिक सञ्जाल र अनलाइन भिडियोहरूसँग हुर्किइरहेको छ ।

तेस्रो समूह विश्वमा आएका परिवर्तनको लहरप्रति मौन छ । ऊ वर्तमान नेतृत्वकर्ताबाट आर्थिक विकासको अपेक्षा त राख्छ तर पुराना स्थापित दललाई आँखा चिम्लेर समर्थन गर्छ । उनीहरु न त सामाजिक सञ्जालमा स्टाटसको ट्रेन्डिङबाट प्रभावित हुन्छन् न त विदेशमा रहेका आफन्तले वर्णन गरेको आर्थिक, सामाजिक रुपान्तरणबाट प्रभावित भएर आफ्नो धारणा निर्माण गर्छन् । उनीहरुले नै पुरानै नेतृत्वलाई पटक-पटक सत्ताको नजिक पुऱ्याउँदै आएका छन् ।

वर्तमान सत्ता संरचनालाई हेरौं । भर्खरै देशमा ठूलो राजनीतिक परिवर्तन भएको छैन । गणतन्त्र स्थापना भई प्रदेश संरचना कार्यान्वयन भएर पााचवर्षे प्रदेश सांसदको कार्यकाल सकिएको छ र दोस्रो पााचवर्षे कार्यकालका लागि निर्वाचनबाट प्रदेश सभामा सांसद आइसकेका छन् । केन्द्रीय सत्ता संरचना मात्र होइन, प्रदेश सत्ता संरचनामा विभिन्न राजनीतिक दलहरूको सहकार्य देखिएको छ ।

देशलाई संघीय संरचना आर्थिक भार हुने भन्दै प्रदेश संरचना खारेजीको माग गर्ने र प्रदेश चाहिन्छ भन्ने दलहरू सत्ताका लागि सहकार्य गर्दैछन् । केन्द्रीय सत्ता संरचनामा राजतन्त्रवादी र गणतन्त्रवादी सहकार्य गर्दैछन् । अर्कोतिर जसलाई अब कुनै पनि हालतमा निर्वाचनमा विजय गराउनुहुन्न भन्ने पार्टीको नेतृत्वकर्ता उसैसाग पााचवर्ष सत्ता सहकार्यका लागि मैदानमा उत्रिसकेको अवस्था छ । यसरी कुनै स्पष्ट अर्थ-राजनीतिक सोचको अभावमा हाम्रो मिश्रित समाजमा समृद्धि सपना पूरा गर्ने अनुकूल वातावरण देखिंदैन । *(स्रोतः अनलाईनखबर)*

# बच्चा जन्मिनेबित्तिकै देखिन सक्ने समस्या के हुन् ? समाधान कसरी गर्ने ?



✍ दीपराज थापा



बच्चा जन्मिएपछि पहिलो तीन महिना संवेदनशील हुन्छ । आमाबाबु र परिवारका अन्य सदस्यहरुले बच्चाको स्वास्थ्य अवस्थ्याको अवलोकन गरिरहन महत्वपूर्ण हुन्छ । साथै समस्या देखिएलगत्तै समाधानका उपायहरु खोज्न र बच्चाको उपचारमा ध्यान दिन पनि उति नै आवश्यक हुन्छ ।

मेरा अघिल्लो लेखमा जस्तै यसमा पनि मैले भर्खर जन्मिएको शिशुको स्वास्थ्य अवस्थामा देखिन सक्ने सम्भावित मुख्य समस्याहरु र तिनका समाधानका उपायबारे लेखेको छु ।

बच्चा जन्मिनुअघि आमाबाबु बच्चाका समस्याहरुबारे परिचित हुँदैनन् । घरमा जानेबुझेका अभिभावक भए सिकाउने र आफ्ना अनुभवहरु बताउने भए भने सहजै होला । छैनन् भने अलमल्ल परिन पनि सक्छ ।

त्यसो कतिपय कुराहरु गरेर जानिने भए पनि नयाँ कुराहरू पढेर पनि जान्नुपर्ने हुन्छ । विज्ञान र अनुसन्धानबाट बालबालिकाको स्वास्थ्य र जीवन सुरक्षामा आवश्यक महत्वपूर्ण जानकारीहरु प्राप्त भएका छन् । अनुसन्धानकै आधारमा बालबालिकाको समस्याका कारण पत्ता लगाई उपचार विधिहरु अपनाइन्छ । त्यसैले यी नयाँ जानकारी पनि लिन जरुरी हुन्छ ।

नेपाली समाजमा अभिभावक र घरका अन्य सदस्यबाट बच्चाको रेखदेख र उपचारमा सहयोग मिल्छ । तर पनि बच्चाको स्वास्थ्यको मुख्य जिम्मेवारी आमा र बाबुकै हुन्छ । नयाँ जीवनको आगमनमा आमा स्वयं पनि बच्चाको अवस्थामा अपरिचित र असुरक्षित महशुस गर्न सक्छिन् । त्यसमा पनि हरेक जन्म, हरेक बालबालिकाका स्वभाव, अवसर र समस्याहरु फरकफरक हुन सक्छन् । त्यसैले बच्चा अलि ठूलो, ५-६ वर्ष नपुगुन्जेल बच्चालाई चिन्ने, बुझ्ने र आधारभूत आवश्यकता परिपूर्ति गर्ने भूमिका र जिम्मेवारी बाबुको पनि उत्तिकै रहन्छ ।

आमाबाबु दुबैले बच्चालाई बुझ्ने सयुंक्त प्रयास गरे बच्चा हुर्काउन धेरै सहज हुन्छ । नवजात शिशुका समस्याहरु धेरै हुन सक्छन् । यो लेखमा भने म धेरैजसो बालबालिकालाई देखिने समस्याका बारेमा चर्चा गर्नेछु । कतिपय थाहा नभएका र अनिश्चित लाग्ने कुराहरु भए स्वास्थ्यकर्मीसँग परामर्श लिन राम्रो हुन्छ ।

**बच्चाको नाइटो:**

बच्चा जन्मिनेबित्तिक्कै ध्यान पुऱ्याउनु पर्ने कुरा बच्चाको नाइटो हो । बच्चा नजन्मिंदा त्यही नाइटोबाट सम्पूर्ण पदार्थ आमाबाट प्राप्त गर्छ । जन्मिनेबित्तिक्कै आफ्नो फोक्सो प्रयोग गरी अक्सिजन लिने र पौष्टिक पदार्थहरु मुखबाट खान सुरु गर्छ ।

बच्चा जन्मिनेबित्तिक्कै काट्नुभन्दा केही मिनेट पर्खिएमा नाइटोमा जम्मा हुने रगत बच्चामा सर्ने र शिशुमा रगतको कमी देखिने समस्या कम आउने देखिएको छ ।

त्यस्तै नाइटो काटेपछि दुई हप्ताभित्र आफैं प्राकृतिक रूपमा झर्नुपर्छ । उमालेर मनतातो बनाएको पानी र रूवाले नाइटो दिनहुँ सफा गर्नुपर्छ । नभए संक्रमणको डर हुन्छ । थोरै रगत या पानी आउनु र अलिअलि गन्ध आउनु सामान्य हो । शिशुलाई पहिलो दुई हप्ताभित्र ज्वरो आएमा नाइटोको संक्रमण भएर त होइन भनेर सतर्क रहनुपर्छ र स्वास्थ केन्द्र या अस्पताल पुऱ्याइहाल्न आवस्यक हुन्छ ।

**दिसाको रूपरङः**

बच्चा जन्मिनेबित्तिकै अलमल पर्न सकिने अर्को कुरा उसको दिसा र दिसा गर्ने समय हो । बच्चाको पाचन प्रणाली विकसित भइसकेको हुँदैन । त्यसैले सामान्यतया जति पटक खायो, उति नै पटक दिसा गर्छ । यसलाई अत्यन्तै सामान्य मान्नुपर्छ । दिसाको रङ पहेंलो र हरियो हुन्छ र त्यो पनि सामान्य हो ।

भर्खर जन्मेको बच्चाले धेरै पटक र पातलो दिसा गऱ्यो भनेर पनि चिन्ता गर्नु पर्दैन । समय बढ्दै जाँदा बच्चाले अलि ढिलो दिसा गर्न थाल्छ । जन्मिएको एक महिनाभित्रमै

...बाँकी पृष्ठ ३ मा

# ३ वटा सरकारबीच समन्वयको अभाव छ

सामुदायिक वनले वन क्षेत्रको संरक्षणसँगै स्थानीय स्तरमा त्यसको उपभोग गर्ने र वन क्षेत्रबाट स्थानीयले फाइदा पनि लिँदै आएका छन् । तर, संघीयता आएपछि ३ तहको सरकार बीचामा समन्वय हुन नसक्दा भने सामुदायिक वन क्षेत्रमा धेर समस्याहरु देखिएका छन् । सामुदायिक वन क्षेत्रमा देखिएको समस्याहरुलाई समाधान गर्न सामुदायिक वन क्षेत्रका अभियन्ताहरु सक्रिय छन् । यस्तै, सामुदायिक वन क्षेत्रमा देखिएको समस्या, समाधानका विषयहरु, सदनमा वन क्षेत्रको मुद्दालाई निरन्तरता लगायतका विषयमा सामुदायिक उपभोक्ता महासंघकी अध्यक्ष भारती पाठकसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



**भारती पाठक**
**अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ**

**लामो समयदेखि सामुदायिक वन क्षेत्रमा काम गर्दै आउनु भएको छ । वन क्षेत्रमा गरिएका काम र उपलब्धीलाई संक्षेपमा कसरी उल्लेख गर्न सकिन्छ ?**

**पाठक**: सामुदायिक वनको अभियान महत्वपूर्ण अभियान हो । यो अभियान मार्फत् अन्तर्राष्ट्रियस्तरमा नेपाललाई चिनाउन सफल भएको छ । वन क्षेत्रमा २५/२६ वर्षको समय नजिकसँग बिताएँ । समूह, जिल्ला हुँदै केन्द्रसम्म पुगेको छु । केन्द्रीय अध्यक्षको भूमिका निर्वाह गरेर अहिले हस्तान्तरणको तयारीमा छु । सामुदायिक वनले धेरै कुराहरु सिकायो । यसलाई एउटा पाठशालाको रुपमा लिएको छु । धेरै नेतृत्व सामुदायिक वनबाट उत्पादन भएको छ । सामुदायिक वनको अवधारणाले मरुभूमि भएको जमिनलाई हरियालीसँगै जीवनसँग जोडेको छ । नीतिगतरुपमा सामुदायिक वनको अवधारणा आएपछि वन क्षेत्रको विषय सरकारसँग जोड्न पुलको रुपमा काम गर्न महासंघ २०५२ सालमा स्थापना भयो । महासंघले स्थानीय समुदायले वन संरक्षण गर्ने भूमिका पाएपछि उपभोग पनि गर्नुपर्छ भनेर अवधारणा अगाडि सारेको थियो । यसले संरक्षणसँगै उपलब्धीसँग जोड्नु पर्ने विषयलाई जोड दियो । सामुदायिक वनलाई उद्यमशीलतासँग जोड्ने काम भएको छ ।

**तपाई प्रदेशसभा सदस्य हुनुभएको छ । सामुदायिक वन क्षेत्रका अभियन्ताहरु धेरै जना संघ, प्रदेशमा निर्वाचित हुनु भएको छ । अब नीति निर्माणको तहमा हुनुहुन्छ । यसलाई उपयोग गर्ने तपाईहरुको योजना के छ ?**

**पाठक**: नेतृत्व उत्पादनको थलोको रुपमा सामुदायिक वन रहेको छ । संघीयताको यो अभ्यास गर्ने क्रममा तीनवटा सरकारमा मात्र होईन दलहरुले आफ्नो महाधिवेशनमा पनि सामुदायिक संगठन, सहकारीहरु लगायतका क्षेत्रलाई समावेश गरेको छ । नेकपा एमालेले महाधिवेशनमा नै सामुदायिक संगठन, सहकारीलाई नेतृत्वमा ल्याउनु पर्छ भनेर काम गरेको थियो । समुदाय तहमा कसले नेतृत्व गरेको छ त्यो मूल्यांकन गरेको हुन्छ ।

**पार्टीहरुले तपाईहरुलाई अवसर दिएको मान्नु हुन्छ कि तपाईहरुको क्षमता विकास भएको हुनाले तयार भएका जनशक्तिलाई नेतृत्वमा स्थापित गर्न खोजेको ?**

**पाठक**: हामीले अवसर पनि पाएका छौं । सामुदायिक वन क्षेत्रमा गरेको कामको मुल्यांकन पनि हो भन्छु म । वन क्षेत्रको क्षेत्रको मूल्यांकन भनेकै अवसर हो नि त । यदि पार्टीले नचाहेको भए जतिसुकै क्षमता भए पनि छायाँमा परिन्छ । हामी देखिएका त्रुटीहरु सुधार्न आएको हो । हामीलाई प्रतिनिधित्व गराएको पनि वन क्षेत्रका विषयहरु सम्बोधन हुन्छ भनेर हो । वन क्षेत्र र सरकारबीच धेरै ग्यापहरु छन् । वन क्षेत्रमा देखिएका कमिकमजोरी र ग्यापहरुलाई सुधार गर्न हामी आएका छौं । जनमतबाट आएका जनप्रतिनिधिले जनताको भावना विपरित नजाने खालको जनतालाई सम्बोधन गर्ने ऐन-नियम बनाउने हो । हामीले सबै क्षेत्रमा काम गर्नुपर्छ तर, प्राथमिकता भने वन क्षेत्रको हुन्छ । सबैको आ-आफ्नै भूमिका छ ।

**अब सदनमा तपाईहरुले वन क्षेत्रको मुद्दा कसरी जोड्नुहुन्छ ? तपाईको संसदीय दल या पार्टीमा छलफल भइसकेको छ या बाँकी नै छ ?**

**पाठक**: वन क्षेत्रको मुद्दाको विषयमा म आबद्ध भएको दलसँग धेरै चरणमा छलफल गरेको छु । म आबद्ध भएको दलभन्दा बाहिरका दलसँग पनि म एउटा साझा संगठनमा काम गरेकोले गर्दा हाम्रो मुद्दाको विषयमा छलफल गरेका छौं । राष्ट्रियस्तरमा पनि गरेका छौं । प्रदेश प्रदेशमा गरेका छौं । जिल्लास्तरमा हाम्रो संरचनाले गरेको छ तर, त्यो नै पूर्ण चै होईन । समय र परिस्थिति अनुसार मुद्दाहरु निरन्तररुपमा छलफल गर्नुपर्छ । सबैको कुरालाई छलफल गर्ने, बुझ्ने गर्नुपर्छ । सबै समुदाय, युवा, महिलासँग सदन जोडिनुपर्छ । छलफल नै नभई नीति तथा कार्यक्रम आउँदा पछुताउनु पर्ने अवस्था आउन सक्छ ।

**सदनले जनतासँग छलफल गरेर ल्याउनु पर्ने विधेयकहरु छलफल नगरी ल्याउँदा तपाईलाई थप चुनौति बढाउँछ भन्ने कति विश्लेषण गर्नुभएको छ ?**

**पाठक**: हामी एउटा सरोकारवाला हो । हामीसँग निरन्तर छलफल र बहस गर्नुपर्छ । छलफल नगरी सरकारले मात्रै ऐन-नियम बनाउन मिल्दैन । एउटा दलमै आबद्ध रहे पनि नागरिक संगठनको नेतृत्व गरिराख्दा हामीले खबरदारी गरेको विषय हो । यदि पहिला कमि-कमजोरी भएको छ भने यसलाई सच्याउनु पर्छ । सुन्ने भनेको त्यसलाई दस्ताबेजीकरण गरेर कार्यान्वयनमा लैजाने कुरा हो । स्थानीय तह, संघ, प्रदेश बीच सहकार्य छैन । हामीले जहाँबाट प्रतिनिधित्व गरेका छौं, हामी आफैं ऐन बनाउन तयार छौं । सदन भित्र मेरो व्यक्तिगत कुरा होईन । दलको कुरा रहन्छ । सबै पार्टीहरुसँग छलफल गरेर साझा मुद्दा बनाउने कोशिष गर्छौं ।

**तपाई नेतृत्वमा रहिरहनु भएको हिसाबले सामुदायिक वनको क्षेत्रको अहिलेको प्रमुख जटिलता के देखिरहनु भएको छ ?**

**पाठक**: जब राज्य पुनर्संरचना भयो तीन तहको सरकार बन्यो । हामीले हाम्रो संरचना पनि पुनर्संरचना गर्‍यौं । त्यसपछि तीनवटा सरकार र समुदाय बीच समन्वय हुन सकेन । संघीय सरकारले वन मेरो भन्छ । राष्ट्रिय वनको हिसाबले प्रदेश भित्र सामुदायिक वन पर्छ । स्थानीय सरकार संचालन ऐनले स्थानीय सरकारलाई पनि त्यो स्पेस दिएको छ । यो सबै तीनवटा कुरा हेर्दा राज्य कै बीचमा समन्वय सहकार्य र सहअस्थित्व भनेर संबिधानले भनेको छ ।

यो तीनवटा कुराले एकले अर्कालाई स्वीकार्न नसक्दा वनमा थोरै झमेला देखिएको छ । वन क्षेत्र पुनर्संरचना भएकै छैन । अहिले पनि निकुञ्ज विस्तार गर्ने, संरक्षित क्षेत्र विस्तार गर्ने काम भएको छैन । राष्ट्रिय निकुञ्ज ऐनलाई नयाँ बनाएर त्यहाँ भएका स्रोतलाई स्थानीयसँग जोड्नु प्रमुख विषय हो । वन ऐन २०७६ आयो तर, त्यो विवादमा छ । ऐनमा राष्ट्रिय वनको भाग ५० वर्षसम्म नीजि कम्पनिलाई दिने भनिएको छ । स्थानीयले त्यसको सदुपयोग गर्न पाएका छैनन् । हामीले आन्दोलन गरेपछि डिभिजन वनले त्यो समस्या समाधान नभएसम्म कार्यान्वयनमा नजाने भनेर रोकेको छ । अब ३ वटै सरकार एकै ठाउँमा बसेर एकद्वार प्रणाली अपनाउनु पर्छ ।

## *प्रावि शिक्षकमा...*

डोटीमा १४८ पदका लागि भएको परीक्षामा १३४ जना पास भएका छन् ।

दोलखामा २५१ पदका लागि भएको परीक्षामा २२३ जना, रामेछापमा १५४ पदका लागि भएको परीक्षामा ७१, सिन्धुलीमा २६५ पदका लागि भएको परीक्षामा २०६ जना, हुम्लामा ३५ माग गरिएकोमा ७ जना, मुगुमा ६५ जना माग गरिएकामा १३ जना, डोल्पामा ७२ जना माग गरिएकामा २८ जना, रुकुम पश्चिममा १५ जना माग गरिएकामा १ जना उतीर्ण भएका छन् ।

जुम्लामा ३१ जना प्राथमिक शिक्षक माग गरेकामा ३ जना, कालीकोटमा ६० जना माग गरेकामा १२ जना, जाजरकोटमा ७७ जना माग गरेकामा ५६ जना, दैलेखमा १३८ पदका लागि भएको परीक्षामा १३० जना मात्र उत्तीर्ण भए । मुस्ताङमा १७ रिक्त दरबन्दीको लागि ८ जना, पर्वतमा १५० रिक्त पदको लागि १३४, स्याङ्जामा २८६ पदको लागि २६० जना, नुवाकोटमा २९९ रिक्त पदको लागि २६० जना, सुनसरीमा १७४ जना माग भएकामा १४० जना, धादिङमा २२५ पदको माग हुँदा १८८ जना, मनाङमा १ जना माग गरिएकामा कोही पनि उत्तीर्ण भएनन् ।

### किन भयो कमजोर ?

नतिजा कमजोर हुनुमा परीक्षा प्रणाली, शैक्षिक गुणस्तर र परीक्षार्थीको तयारी अपुगजस्ता कारण रहेको रामेछापका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख भरत भट्टराई बताउँछन् । उनी भन्छन् 'पहिलो त परीक्षार्थीको तयारी नपुगेको देखिन्छ । अर्को कक्षा १२ र स्नातक तहको परीक्षा प्रणाली कमजोर हुनु पनि हो ।'

उनका अनुसार कक्षा १२ र स्नातक तहको पढाइको गुणस्तर कमजोर भएको र विद्यार्थीले पनि विभिन्न उपाय लगाएर पासमात्र हुने प्रवृत्तिको असर शिक्षक सेवा आयोगको नतिजामा देखिएको हो । तर यो नतिजाले शिक्षक सेवा आयोगको जागिर खान नपढेपनि हुन्छ भन्ने बुझाइलाई गलत सावित गरिदिएकाले आगामी वर्षमा मिहिनेत गर्ने सम्भावना बढेको भट्टराई बताउँछन् ।

कालीकोटका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख प्रकाशचन्द्र धिताल परीक्षार्थीको तयारी नपुगेको बताउँछन् । 'परीक्षामा सहभागी हुने र उत्तीर्ण हुनेको संख्या हेर्दा परीक्षार्थीको तयारी नपुगेको देखिन्छ', उनी भन्छन् । आयोगको यो भन्दा अघिको पाठ्यक्रम अहिलेको भन्दा धेरै सहज भएको र यो वर्ष अलि कडा बनाएकाले परीक्षार्थीले पास गर्न नसकेको उनको भनाइ छ ।

शिक्षक सेवा आयोगले सार्वजनिक गरेको नतिजाअनुसार मधेश प्रदेशका अधिकांश जिल्ला, कर्णाली प्रदेशका जिल्लाहरुमा र समावेशी कोटाहरुमा उत्तीर्ण हुनेको संख्या न्यून देखिएको छ । आयोगले परीक्षार्थीको तयारी अभावकै कारण नतिजा कमजोर भएको हुनसक्ने अनुमान गरेको छ । आयोगका प्रवक्ता सुदर्शन मरहठ्ठा भन्छन् 'केही जिल्लाहरुमा र समावेशी कोटाहरुमा नतिजा कमजोर देखिएको छ । परीक्षार्थीको तयारी नपुगेको देखिन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

## *बच्चा जन्मिनेबित्तिकै...*

बच्चालाई दिनमा दुईदेखि तीन पटक मात्र दिसा गर्दा पुग्ने हुन्छ । कतिपय बच्चालाई दिसा धेरै लाग्नुको कारण गाईभैंसीको दूध खुवाएर एलर्जी पनि भएको हुन सक्छ । आमाको दूध पिउने बच्चालाई प्रशस्त पानीको मात्रा हुने भएकाले पेट साह्रो हुने समस्या कम हुन्छ ।

नवजात शिशुहरूमा सामान्यतया पिसाबमा समस्या देखिंदैन । जति धेरै दूध खायो उति नै धेरै पिसाब गर्नु स्वाभाविक हो ।

**रूघा लाग्नु र नाक टालिनु**:

नवजात शिशुलाई रूघा लागेर नाक टालिने समस्या सामान्यतया हुन सक्छ । बच्चालाई ज्वरो आएको छैन र दूध खाइरहेको छ भने चिन्ता लिन आवश्यक छैन । तर सिंगानले नाक थुनिएर टालिन सक्छ र बच्चालाई सास फेर्न अप्ठ्यारो पर्न सक्छ । नाक टालिन लागेको बुझेपछि उमालेर मनतातो बनाइएको पानीमा थोरै नुन मिसाएर दिनमा दुई/तीन पटक नाकमा हालिदिंदा खुल्न सक्छ । दूध खुवाउनुअघि नुनपानी हालिदिादा बच्चाले दूध चुस्दै गर्दा नाक खुल्ने सम्भावना बढी हुन्छ ।

नाक कोट्याउने या केही औजार प्रयोग गरेर सिंगानका टुक्रा झिक्नतिर पटक्कै लाग्नु हुँदैन । बच्चाको नाकभित्रको भाग धेरै संवेदनशील हुने भएकाले दुर्घटना हुन सक्छ ।

**छालामा देखिने समस्या**:

बच्चाको शरीरको छाला सुख्खा हुन्छ । तेल दल्ने र मसाज गर्नाले छाला सुख्खा हुनबाट बचाउँछ र नरम बनाउँछ । बच्चाको गाला या घाँटीमा सेतो बिबिरा देखिन सक्छन् । ती आफैं हराउने हुन्छन् । शरीरमा निस्किने राता बिबिराहरू भने बच्चाको शरीरमा तापक्रम बढी भएर हो । धेरै बाक्लो लुगा लगाएको छ भने अलि पातला लुगा लगाइदिनुपर्छ । वा जिउ अलि चिसो बनाइदिने गरेमा राता बिबिरा आफैं हट्छ ।

बच्चाको नितम्ब वरिपरि धेरै रातो भएको छ भने सुरूमा छाला नरम बनाउने मलम लगाउनुपर्छ । त्यसो गर्दा पनि नभए 'फंगल इन्फेक्सन' भएको पनि हुन सक्छ । स्वास्थ्यकर्मीसँग सल्लाह गरेर उपचार गर्नुपर्ने पनि हुन सक्छ ।

**बच्चाको टाउको**:

भर्खर जन्मिएको बच्चाले टाउको अड्याउन सक्दैन । टाउको विकसित नभइसकेकाले टाउकोको बीचदेखि अलि अघिको भाग एकदमै नरम र गिलो महसुस हुन सक्छ । बच्चा एकदेखि दुई वर्षको हुँदासम्म त्यो पुरिइसक्छ । टाउको विकसित हुन समय लाग्छ । विकसित नहुन्जेल टाउको लल्याकलुलुक हुन्छ । संवेदनशील पनि भएकाले दुवै हातको पन्जाको बीचमा घाँटी र टाउको दुइटै एकैचोटि भेट्ने गरी समातेर उचाल्नु राम्रो हुन्छ ।

**अरू संक्रमणहरू**:

सामान्यतया आमाले खुवाएको दूधबाट बच्चाले रोग प्रतिरोधात्मक शक्ति धेरै नै पाएको हुन्छ । यद्यपि बच्चा जन्मेको पहिलो महिनामै केही भाइरसको संक्रमण भयो भने खतरापूर्ण हुन्छ । त्यसैले पहिलो महिना सकेसम्म घरका सदस्यबाहेक अन्य मानिसहरूसँग नभेटाउनु उपयोगी हुन्छ ।

घरमा कोही बिरामी भएमा बच्चासँग सम्पर्कमा नआउने र आमाबाबु नै बिरामी भएमा हातको सरसफाइ राम्रो गर्नुपर्छ । खोक्दा सावधानी अपनाउनुपर्छ । आमा नै बिरामी भएको अवस्थामा बच्चालाई दूध खुवाउने बाहेकको हेरचाह बुवा या परिवारका अरू सदस्यले गर्नुपर्छ ।

त्यसो त बच्चालाई अन्य समस्या पनि देखिन सक्छ । आँखा रातो हुने र कचेरा पर्ने हुन सक्छ । सामान्यतया मनतातो पानीले सफा र नरम कपडा प्रयोग गरी दैनिक ३-४ चोटि सफा गर्नाले ती समस्या सुल्झिन सक्छन् ।

खुट्टाको नङ च्यापिएर बच्चालाई संक्रमण हुन सक्छ । मनतातो पानीले सफा गर्दा रोक्न सहयोग पुग्छ ।

आफूले सकेको र जानेका कुराहरू गर्दागर्दै पनि ठीक नभए स्वास्थकर्मीकहाँ पुऱ्याइहाल्न आवश्यक हुन्छ । विशेष गरी ज्वरो आउनु चाहिं डराउनुपर्ने लक्षण हो । त्यस्तो अवस्थामा तुरुन्तै उपचार गराइहाल्नुपर्छ ।

(डाक्टर दीपराज थापाले स्विडेनमा बालबालिकाको प्राथमिक उपचार र स्वास्थ्य प्रवर्द्धन सम्बन्धी विशेष नर्सका रूपमा विद्यावारिधि गरेका छन् । उनी त्यहींको एक विश्वविद्यालयमा प्राध्यापक पनि हुन्)

*(स्रोत: सेतोपाटी)*

# गण्डकी प्रदेशमा मन्त्रालयको संख्या ७ मा झार्ने सहमति

पोखरा: गण्डकी प्रदेशको मन्त्रालय घटाएर ७ मा झारिने भएको छ । मुख्यमन्त्री खगराज अधिकारी आइतबार साँझ सत्तारुढ दलका नेता तथा मन्त्रीहरुसँग छलफल गरेर मन्त्रालयको संख्या टुंगो लगाएका हुन् । हाल १२ वटा मन्त्रालय छ । सबै प्रदेशमा सुरूमा बढिमा ७ मन्त्रालय बनाइएको थियो । नेकपा विभाजनले सरकार नै धरापमा परेपछि तत्कालिन पृथ्वीसुब्बा गुरुङले मन्त्रालयको संख्या सुरूमा ८ बनाए, पछि ११ मन्त्रालयसम्म बनाउन उनले नै बाँडफाँड गरेका थिए । तर पनि पृथ्वीसुब्बाको सरकार ढल्यो ।

नेपाली कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेलको नेतृत्वमा सरकार बनेपछि ११ वटा मन्त्रालय कायम गरिएको थियो । तर कांग्रेसमा भागवण्डा मिलाउन पोखरेलले डोबाटे विलाई आन्तरिक मन्त्री बनाउँदै मन्त्रालयको संख्या १२ पुऱ्याए । मुख्यमन्त्री बन्ने योजनाका साथ प्रदेशमा झरेका अधिकारीले सुरूदेखि नै मन्त्रालयको संख्या घटाउने बताएका थिए । पृथ्वीसुब्बा गुरुङ मुख्यमन्त्री हुँदाको सुरुमा भएको आकारमा ७ मन्त्रालय बनाउन चाहेका थिए । तर सत्ता साझेदार दल र एमालेभित्रै भागबण्डा मिलाउन मन्त्रालयको संख्या ९ बनाउन दबाब परेको थियो ।

'मन्त्रालयको संख्या ७ भन्दा धेरै नबढाउने लगभग सहमति भयो', गण्डकी प्रदेश सरकारकी प्रवक्ता तथा विनाविभागीय मन्त्री सीता सुन्दासले भनिन्, 'भोलि (सोमबार) बिहानसम्म मन्त्रालय भागबण्डा सकिन्छ । सकेसम्म भोलि नै मन्त्रिपरिषद बिस्तार हुन्छ ।' अब एमालेले मुख्यमन्त्रीसहित ४ मन्त्रालय राखेको छ भने माओवादीले २ मन्त्रालय र राप्रपाले १ मन्त्रालय पाउने सम्भावना छ । माओवादी केन्द्रकै चुनाव चिन्हबाट चुनाव जितेका बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीका फणिन्द्र देवकोटाले पनि मन्त्रालयको दाबी गरेका छन् । 'मन्त्रालयको भागबण्डा मिलाउन फेरि बैठक बस्दैछौं । कुन कुन मन्त्रालय बनाउने भन्ने टुंगो लगाउने अन्तिम तयारीमा छौं, सुन्दासले भनिन् ।

*(स्रोत: अनलाइनखबर)*



## राजर्षि जनक गोल्डकप

# लगातार तेस्रो पटक उपाधि हात पार्ने लक्ष्यमा पिप्ले युवा क्लब



*राजर्शी गोल्डकपको रनिङशिल्ड फिर्ता गर्दै पिप्ले युवा क्लब ।*

समाज संवाददाता

हेटौंडाः सर्लाहीको बागमती नगरपालिकामा हुने सातौं संस्करणको राजर्षि जनक गोल्डकप फुटबल प्रतियोगिताको मिति टुङ्गो लागेको छ । बागमती युथ क्लबको आयोजनामा प्रतियोगिता माघ २५ देखि फागुन ६ गतेसम्म हुने भएको हो ।

सर्लाही जिल्ला फुटबल संघको प्राविधिक सहयोगमा हुने प्रतियोगितामा मकवानपुरको पिप्ले युवा क्लब, अन्य ए डिभिजन क्लबहरु र विदेशका टिमको सहभागिता रहने भएको छ। प्रतियोगितामा १२ टिम सहभागी हुने जनाइएको छ ।

यस पटकको गोल्डकपमा मकवानपुरको पिप्ले युवा क्लब लगातार तेस्रो पटक गोल्डकपको उपाधि हात पार्ने योजनासहित सहभागी हुँदैछ । पिप्ले युवा क्लबले पाँचौ र छैठौं संस्करणमा गोल्डकपको उपाधि जितेको हो । पाँचौ संस्करणमा पिप्ले युवा क्लबले सहभागी जनाएको पहिलो पटक नै उपाधि जितेको थियो । पिप्ले युवा क्लबले गत संस्करणको गोल्डकपमा ए डिभिजन क्लब मछिन्द्र क्लबलाई सडेनडेथमा ४–३ गोलले पराजित गर्दै उपाधि जितेको थियो । निर्धारित समय गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । उपाधि जितेसँगै १० लाख रुपैयाँ हात पारेको थियो ।

पिप्ले युवा क्लबले जिल्लामै पहिलो पटक सर्वाधिक धनराशिको उपाधि जितेको भन्दै हेटौंडा उपमहानगरपालिका परिक्रमासमेत गरेको थियो । पिप्ले युवा क्लबले यसअघि ए डिभिजन लिग खेल्ने खेलाडी र जिल्लाभित्रका खेलाडीहरुलाई समावेश गरेर गोल्डकप खेलेको थियो । पिप्ले युवा क्लबको प्रशिक्षकमा सुविन घिमिरे रहनुभएको थियो । प्रशिक्षक घिमिरे अहिले यस संस्करणको गोल्डकपमा तयारीमा जुट्नुभएको छ ।

अहिले पिप्ले युवा क्लबलाई उपाधि जिताउन सक्ने बलियो टिम निर्माणका लागि खेलाडीहरुलाई प्रशिक्षण र केही खेलाडीहरुको खोजी कार्य भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो 'यस पटक पनि हामी पिप्ले युवा क्लबलाई उपाधि दिलाउँछौं, यस पटक पनि गोल्डकप जितेर शिल्ड आफ्नो बनाउँछौं ।'

यस पटक पनि प्रतियोगितामा भुटानी शीर्ष डिभिजनका च्याम्पियन क्लबहरु पनि सहभागी हुने हुँदा केही चुनौती पनि रहेको उहाँले बताउनुभयो । चुनौतीलाई समाना गरेर पिप्ले युवा क्लबलाई तेस्रो पटक उपाधि दिलाउने उहाँको भनाई छ । यस पटकको प्रतियोगिताको विजेताले १० लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# खुला कविता प्रतियोगिता हुने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा खुला कविता प्रतियोगिता हुने भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को आयोजना तथा श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानको व्यवस्थापनमा आगामी माघ १६ गते शहीद दिवसको अवसरमा कविता प्रतियोगिता हुने प्रतिष्ठानले जनाएको छ ।

शहीद विषयक खुला कविता प्रतियोगितामा सहभागी हुनका लागि आगामी माघ १५ गतेसम्म कविता उपलब्ध गराउन आग्रह गरिएको छ। कविता बढीमा २ सय ५० शब्दमा हुनुपर्नेछ । कविता शहीदको विषयमा हुनुपर्ने र शीर्षक खुला हुने बताइएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ७ हजार ५ सय रुपैयाँ, ५ हजार ५ सय रुपैयाँ र ३ हजार ५ सय रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । यस्तै, सान्त्वना हुने २ जनालाई १/१ हजार रुपैयाँ पुरस्कार रहेको प्रतिष्ठानले जनाएको छ ।

# सशस्त्र प्रहरी दिवसमा रक्तदान

समाज संवाददाता

हेटौंडाः २२ औं सशस्त्र प्रहरी दिवस २०७९ को अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्र हेटौंडाको सहकार्यमा रक्तदान कार्यक्रम भएको हो ।

कार्यक्रममा एक जना महिला र ४० जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णु रिमालले जानकारी दिनुभयो । सशस्त्र प्रहरी बल १४ नम्बर गणका प्रहरी उपरीक्षक नेत्रबहादुर कार्कीको उपस्थितिमा रक्तदान भएको हो । माघ महिनामा पहिलो पटक रक्तदान कार्यक्रमको आयोजना भएको प्राविधिक रिमालले जानकारी दिनुभयो । माघ १२ गते सरिखेतमा कार्यक्रम हुने उहाँले बताउनुभयो । यस्तै, माघ २८ गते विलक्षण बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा बुद्धचोकमा रक्तदान कार्यक्रम हुँदैछ ।

# आमा समूहद्वारा सुत्केरीलाई स्नेहमिलन



*सुत्केरी आमालाई कोसेली वितरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७ स्थित किरणचोक आमा समूहको आयोजनामा आइतबार हेटौंडा अस्पतालमा रहेका सुत्केरी महिलाहरुलाई स्नेहमिलन कार्यक्रम गरिएको छ । आमा समूहको १३ औं स्थापना दिवसको अवसरमा आमा समूहसँग सम्बन्धित रहेकोले पहिलो दिन हेटौंडा अस्पतालमा रहेका सुत्केरी महिलाहरुलाई स्नेहमिलन कार्यक्रम गरिएको हो ।

कार्यक्रममा हेटौंडा अस्पतालमा रहेका २२ जना सुत्केरी आमाहरुलाई आवश्यक पर्ने प्याड, प्रोटिन पाउडर, डाइपर, बिस्कुट र स्याउ वितरण गरिएको छ । आमा समूहको स्थापना दिवसको अवसरमा दोस्रो दिन टोल सरसफाई कार्यक्रम र तेस्रो दिन दीप प्रज्जवलन गरेर कार्यक्रम समापन गरिने समूहकी अध्यक्ष सावित्री अधिकारीले जानकारी दिनुभएको छ । कार्यक्रम किरणचोक आमा समूहको अध्यक्ष सावित्री अधिकारीको सभाध्यक्षतामा भएको हो ।

देउसीभैलो कार्यक्रमको आयोजना गरेर संकलित रकमबाट आमा समूहले विविध कार्यक्रम गर्ने क्रममा सुत्केरी आमालाई कोसेली वितरण गरेको हो । यसअघि आमा समूहले सदस्यहरुको क्षमता विकास कार्यक्रमअन्तर्गत उद्घोषण तथा भाषण कलासम्बन्धी तालिमको आयोजना गरेको थियो । यस्तै अवलोकन भ्रमणको कार्यक्रम पनि आमा समूहले गरिसकेको छ ।

# वार्षिकोत्सवमा शिक्षकलाई सम्मान, विद्यार्थी पुरस्कृत



*वार्षिकोत्सव समारोहमा शिक्षक खेमराज लामिछानेलाई सम्मान गर्नुहुँदै नगर प्रमुख मीना कुमारी लामा ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको ४७ औं वार्षिकोत्सवको अवसरमा आइतबार शिक्षक, कर्मचारीलाई सम्मान गरिएको छ भने विद्यार्थी पुरस्कृत भएका छन् । एक समारोहको आयोजना गरी सम्मान एवम् पुरस्कार वितरण गरिएको छ ।

वार्षिकोत्सवको अवसरमा कार्यालय सहायक लेखापाल लक्ष्मी न्यौपानेलाई नगद ३ हजार रुपैयाँसहित सम्मान गरिएको छ । प्राथमिक तह द्वितीय श्रेणीमा कार्यरत शम्भु घर्तीलाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरिएको छ। २०७८ सालमा उत्कृष्ट नतिजा ल्याउने विषयगत शिक्षकहरु र उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिएको छ। अंग्रेजी विषयका गणेशप्रसाद हुमागाई, कार्यालय संचालन तथा लेखा विषयका रामशरण पौडेल, अतिरिक्त गणित विषयका खेमराज लामिछानेलाई पुरस्कृत गरिएको छ । म्युजिकल चेयरमा प्रथम हुन सफल सुस्मा कँडेल, प्रथम तह तृतीय श्रेणीमा कार्यरत सिर्जना कुमारी शर्मालाई सबैभन्दा बढी उपस्थित भएको भन्दै पुरस्कृत गरिएको छ ।

२०७८ सालमा कक्षा-८ को परीक्षामा ३ दशमलव ६ जीपीए ल्याएर उत्कृष्ट हुन सफल छात्रातर्फ रस्मिता आलेमगर र छात्रतर्फ रविकिश्वर साहलाई पुरस्कृत गरिएको छ । एसईईमा उत्कृष्ट अङ्क ल्याउने छात्रातर्फ कोमल जैसवाल र छात्रतर्फ शिवप्रसाद सत्याल, कक्षा-१२ को वार्षिक परीक्षामा ३ दशमलव ७५ जेपिए ल्याएर उत्कृष्ट हुन सफल छात्रातर्फ सोनीकुमारी पासवान र जीपीए ३ दशमलव ४७ ल्याएर उत्कृष्ट हुन सफल रामकृष्ण यादवलाई स्टेशनरी सामग्रीसहित पुरस्कृत गरिएको छ ।

यसैगरी सिद्धार्थ बालबाटिका कृतिको विमोचन समेत गरिएको छ । सिद्धार्थ माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिना लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । नगर प्रमुख लामाले भौतिक संरचना विकास गरिरहेको अवस्थामा विद्यार्थीलाई शिक्षा दिन चुनौति रहेको बताउनुभयो । कार्यक्रममा २ नम्बर वडा अध्यक्ष विष्णुगोपाल महर्जन, १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने, विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष मधु बजगाई, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरेको पनि आतिथ्य रहेको थियो ।

**औषधी व्यवसायी संघ मकवानपुरको**

**छैठौं साधारणसभा तथा अधिवेशनसम्बन्धी सूचना**

औषधी व्यवसायी संघ मकवानपुरको छैठौं वार्षिक साधारणसभा तथा अधिवेशन तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण सदस्य ज्यूहरुलाई जानकारी गराइन्छ । साथै साधारणसभा तथा अधिवेशनमा सहभागिताका लागि सदस्यता नवीकरणको प्रक्रिया पनि पूरा गर्नुहुन जानकारी गराइन्छ ।

**तपसील**
मितिः २०७९ साल फागुन
समयः बिहान १० बजे
स्थानः होटेल एभोकाडो

**संघर्ष गुरुङ**
**महासचिव**

# हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड आजबाट सुरु हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आज सोमबारबाट सुरु हुँदछ । हेटौंडा उपमहानगरपालिकाको आयोजना तथा हेटौंडा-८ स्थित चन्द्रोदय माविको समन्वयमा सोमबार र मंगलबार दुई दिन सञ्चालन हुने प्रतियोगिताको तयारी पूरा भएको छ ।

प्रतियोगिताअन्तर्गत् कराँते र उसुका खेलाडीहरु आइतबार नै छानिएका छन् । कराँतेमा ८ जना खेलाडी छानिएको प्रतियोगिताका संयोजक विष्णु लामाले जानकारी दिनुभयो । पुरुष ४२ केजीतर्फ बाल उज्ज्वल माविका बिराज तितुङ, ४७ केजीतर्फ त्रिभुवन माविका मनोज पाख्रिन र ५२ केजीतर्फ नवोदय बोर्डिङका यस नेपाल र एकल पुरुष कातातर्फ सिद्धार्थ माविका बुद्ध सागर ब्लोन छनौट भएका छन् । यस्तै महिला कराँतेतर्फ ४० केजी तौलमा त्रिभुवन माविकी शोयश्मा प्रधान, ४५ केजीतर्फ बाल उज्ज्वल माविकी सुरक्षा मैनाली, ५२ केजीमा नवोदय बोर्डिङकी श्रेया श्रेष्ठ र एकल महिला कातातर्फ बाल उज्ज्वल माविकी रिया विश्वकर्मा छनौट भएकी हुन् ।

यस्तै, पुरुषतर्फ उसुमा आधुनिक राष्ट्रिय माविका ३ जना र महिलातर्फ प्रगति माविकी ३ जना खेलाडी छनौट भएको उसु प्रशिक्षक विमल थापाले जानकारी दिनुभयो । आधुनिक माविका पारखी ठकुरी, कृष्ण बराल र सोभित थापा छनौट भएका हुन् । महिलातर्फ प्रगति माविकी शान्ति थिङ, जेनिशा गुरुङ र सोममाया मोक्तान छनौट भएकी हुन् ।

प्रतियोगिताअन्तर्गत् सोमबार एथलेटिक्स, कबड्डी र भलिबलका खेलहरु सञ्चालन हुने जनाइएको छ । प्रतियोगितामा सहभागी जनाउन सोमबार बिहान ८ बजेसम्म उपमहानगरपालिकाभित्रका सामुदायिक तथा निजी विद्यालयहरुले टिम दर्ता गराउन सकिने जनाइएको छ ।

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ